# प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड.) द्वितीयवर्षको आंशिक आवश्यकता पूरा गर्न प्रस्तुत

शोधपत्र


शोधार्थी

टिकाराम पौड्याल

क्याम्पस क्रमाङ्क : ३७/२०६३-२०६५

परीक्षा क्रमाङ्क : ३०८०११५

त्रि.वि. दर्ता नं. : १२७८४-९३

त्रिभुवन विश्व विद्यालय

शिक्षा शास्त्र संङ्काय

तानसेन बहुमुखी क्याम्पस

शिक्षा योजना तथा व्यवस्थापन विभाग

तानसेन, पाल्पा


२०६७

त्रिभुवन विश्वविद्यालय

**तानसेन बहुमुखी क्याम्पस**

(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)

तानसेन, पाल्पा, नेपाल

**TANSEN MULTIPLE CAMPUS**

Tansen, Palpa, Nepal

स्थापित: २०४७

☎: ०७५-५२०५६७
फ्याक्स नं. : ०७५-५२२४५०

पत्र संख्या :
च.नं.

मिति...........................

विषय : **सिफारिस पत्र**

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालयअन्तरगत तानसेन बहुमुखी क्याम्पस, शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यावस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीको निमित्त एम.एड. द्वितीय वर्षका छात्र **टिकाराम पौड्यालद्वारा** प्रस्तुत **प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू** विषयक शोधपत्र मेरो निर्देशन र सुझाव अनुसार सम्पूर्ण कार्य पूरा गरी तयार गर्नुभएकोले मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

---------------------------

उप.प्रा. पृथ्वीनाथ ज्ञवाली

**शोध निर्देशक**

तानसेन बहुमुखी क्याम्पस

तानसेन, पाल्पा

मिति २०६७/०७/२५

त्रिभुवन विश्वविद्यालय
तानसेन बहुमुखी क्याम्पस
(त्रि. वि. / उ. मा. शि. प. बाट सम्बन्धन प्राप्त)
तानसेन, पाल्पा, नेपाल
TANSEN MULTIPLE CAMPUS
Tansen, Palpa, Nepal
स्थापित: २०४७
☎: ०७५-५२०५९७
फ्याक्स नं. : ०७५-५२२६५०

पत्र संख्या :
च.नं.

मिति............................

विषय : **स्वीकृति पत्र**

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालयअन्तरगत तानसेन बहुमुखी क्याम्पस, शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभागको स्नातकोत्तर तहमा अध्ययन गर्ने छात्र **टिकाराम पौड्याल**ले शिक्षाशास्त्र संकाय, शिक्षा योजना तथा व्यावस्थापन विभागअन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजन को लागि **प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू** शीर्षकमा शोधअध्ययन पूरा गरी स्वीकृतिको लागि प्रस्तुत गर्नुभएको यो शोधपत्र यस मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| सह.प्रा.डा.नेत्रप्रसाद न्यौपाने | विभागीय प्रमुख | ----------------------- |
| उप.प्रा.पृथ्वीनाथ ज्ञवाली | शोध निर्देशक | ----------------------- |
| प्रा. आनन्दमान सिंह शाक्य | बाह्य सुपरीवेक्षक | ----------------------- |
| क्या.प्र. राधेश्याम ज्ञवाली | सदस्य | ----------------------- |

मिति २०६७/०८/११

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायअन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीतय वर्षको आंशिक उद्देश्य परिपुर्तिका लागि तयार पारिएको शोधपत्र **"प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू"** को अध्ययनसँग सम्बन्धित छ । शोध पत्र पूर्णतया सम्बन्धित अभिभावक, विद्यार्थीहरू, विद्यालय प्र.अ. शिक्षकहरू, वि.व्य.स.का पदाधिकारीहरूबाट प्राप्त परिणाम र विद्यालय तथा स्रोतकेन्द्रका तथ्याङ्क एवम् जानकारीहरूको आधारमा तयार पारिएकोले उक्त समुदायसँग सम्बन्धित उपयुक्त शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न उपयोगी हुने कुरा आशा लिएको छु ।

प्रस्तुत शोधपत्र आदरणीय शोध निर्देशक गुरू पृथ्वीनाथ ज्ञवालीज्यू को कुशल निर्देशनमा तयार पारिएको छ । आफ्नो मूल्यवान समयको वास्ता नगरी शोध पत्रको सुरूदेखि नै अन्त्यसम्म सद्भाव पूर्ण तरिकाले दिशाबोध गर्नु भएकोमा म हृदयदेखिनै कृतज्ञता ज्ञापन गर्दछु ।

शोध प्रस्ताव र शोध पत्र तयार गर्ने क्रममा आवश्यक सुझाव र निर्देशन दिई सहयोग गर्नु हुने श्रद्धेय गुरू क्याम्पस प्रमुख राधेश्याम ज्ञवालीज्यू विभागीय प्रमुख डा.नेत्र प्रसाद न्यौपानेज्यू तथा आदरणीय गुरु द्वय पुष्करराज रेग्मी तथा रामप्रसाद ढकालज्यूहरू लगायत सम्पूर्ण गुरूजनप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसै गरी त्रिभुवन विश्वविद्यालय कीर्तिपुरका श्रद्धेय गुरु हेमराज ढकाल ज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै लेखन कार्यमा सहयोग गर्ने मित्रहरू नगेन्द्र खरेल, डिल्लीराज शर्मा तथा हुमबहादुर राना र आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउनु हुने विद्यालयका प्र.अ. ज्यूहरू र सम्पूर्ण शिक्षक स्टाफहरू, सम्बन्धित विद्यालयका व्यवस्थापन समितिका पदाधिकारीज्यूहरू र सहयोग गर्नुहुने सम्पूर्ण अभिभावक र विद्यार्थी भाइवहिनीहरू, मेरा बुवाआमा, परिवारजन र आफन्तहरू सबैमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

यस शोधपत्रलाई सम्पादन गर्ने क्रममा शुद्धाशुद्धी हेरी सहयोग गर्नुहुने मित्र रामप्रसाद ज्ञवालीप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । हस्तलिखित पाण्डुलिपिलाई कम्प्युटर टाइप तथा प्रिन्टिङ्मा सहयोग पुऱ्याउने भण्डारी कम्युनिकेशन लहरेपिपल तानसेन पाल्पाका बालकृष्ण भण्डारी र गोबिन्द भण्डारीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

मिति : २०६७/०७/२५ टिकाराम पौड्याल

# शोधसार

प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू शीर्षकको यस अध्ययनको मुख्य उद्देश्यहरू प्राथमिक तहको सिकाइ उपलब्धि पहिचान गर्नु, सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरूको विश्लेषण गर्नु र सिकाइ उपलब्धि अभिवृद्धिका लागि उपयुक्त उपायहरू सुझाउनु रहेको छ ।

प्रस्तुत अध्ययन मिश्रित ढाँचामा गरिएको हो र पाल्पा जिल्ला बौघापोखराथोक गा.वि.स. का ३ वटा विद्यालयहरू श्री लुम्बिनी मा.वि., श्री सार्वजनिक प्रा.वि. र श्री नामिकुवा नि.मा.वि. का प्रा.वि. तह (१-५) लाई लिइएको हो । सरोकारवालाहरू मध्येबाट २४ जना विद्यार्थी, ६ जना शिक्षक, ३ जना प्र.अ., २० जना अभिभावक, १ स्रोत व्यक्ति, ३ जना वि.व्य.स. अध्यक्ष र ३ जना वि.व्य.स. सदस्यहरूलाई अध्ययनको नमूना जनसंख्याको रूपमा लिइएको छ । सर्वेक्षण फारम, अवलोकन फारम, अन्तर्वार्ता प्रश्नावली साधनहरूको प्रयोग गरिएको छ ।

अध्ययनबाट प्राप्त प्राथमिक तथा सहायक तथ्याङ्कहरूलाई व्यवस्थित रूपले सङ्कलन गरी विभिन्न तालिकाद्वारा प्रस्तुत गरिएको छ । तथ्याङ्कहरूलाई व्याख्या तथा वर्णन गरी विश्लेषण गर्दै प्राप्ति, निष्कर्ष तथा सुझावहरू निकालिएको छ ।

अध्ययनको मुख्य प्राप्ति पाल्पा जिल्लाको बौघापोखराथोक गा.वि.स. अन्तर्गत पर्ने ६ वटा विद्यालयमध्ये तीनवटा विद्यालयको २०६५ सालको जम्मा औषत सिकाइ उपलब्धि नेपाली, अंग्रेजी, गणित र सामाजिकको क्रमशः ४४।९४, ४६।५९, ४७।८६ र ४२।६८ भएको पाइयो भने २०६६ सालमा नेपाली, अंग्रेजी, गणित र सामाजिक विषयको जम्मा औषत सिकाइ उपलब्धि क्रमशः ४७।७२, ४५।१८, ४८।०० र ४३।३५ भएको पाइयो । समग्रमा ३ वटा विद्यालयको जम्मा औषत सिकाइ उपलब्धि ५०% पनि पुग्न नसकेको पाइयो । शिक्षण सिकाइ सम्बन्धि तत्व, विद्यालयसँग सम्बन्धित तत्व, सामाजिक तत्व, आर्थिक तत्व, पारिवारिक तत्व र राजनीतिक तत्वले विशेष प्रभाव पारेको पाइयो ।

सिकाइ उपलब्धि उल्लेखनीय रूपमा हासिल गर्न नीति नियम तथा कार्यक्रमहरूको व्यवहारिक प्रयोग, कक्षाकोठाको उचित व्यवस्थापन, शिक्षकहरूलाई पुनर्ताजगी तालिम, विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नु पर्दछ । ग्रामीण क्षेत्रमा रहेका अभिभावकहरू, वालवालिकाहरू र अन्य जनसमुदायप्रति विभिन्न किसिमका जनचेतना मूलक कार्यक्रम, अभिभावक शिक्षा र सीपमूलक व्यवहारिक शिक्षामा जोड दिनुपर्छ । यसका साथै सिकाइ उपलब्धि ५०% भन्दा माथि जान नसकीरहेको परिप्रेक्ष्यमा लगानी, प्रक्रिया र प्रतिफलको बीचमा तुलनात्मक अध्ययन गरी विशेष रूपले कार्यान्वयनको व्यवहारिक पक्षमा ध्यान दिनुपर्दछ भन्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

# विषय सूची


| | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृतिपत्र | II |
| कृतज्ञताज्ञापन | III |
| सोधसार | IV |
| विषयसूची | VI |
| तालिका सूची | VIII |
| संक्षेपीकृत शब्दसूची | IX |

**परिच्छेद एक : परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनको उद्देश्य | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ६ |
| १.६ अध्ययनको परिसीमा | ६ |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | ९ |
| २.३ शैक्षिक उपदेयता | १६ |

**परिच्छेद तीन : अध्ययन विधि**

| | |
|---|---|
| ३.१ अनुसन्धान ढाँचा | १८ |
| ३.२ जनसंख्या र नमूना छनौट विधि | १८ |
| ३.३ तथ्यांक संकलनका साधनहरू | १९ |

३.४ तथ्यांक संकलन तथा विश्लेषण प्रक्रिया २०

**परिच्छेद चार : तथ्यांकहरूको व्याख्या र विश्लेषण**

४.१ सिकाइ उपलब्धिको अवस्था २१

४.२ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू ३२

४.३ सिकाइ उपलब्धि अभिबृद्धिगर्ने उपायहरू ३९

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू**

५.१ प्राप्ति ४२

५.२ निष्कर्ष ४४

५.३ सुझावहरू ४५

**सन्दर्भ सामग्री**

**परिशिष्ट**

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | जम्मा विद्यार्थी संख्या र उत्तीर्ण संख्या, २०६५ | २१ |
| २ | नेपाली विषयको सिकाइ उपलब्धि - २०६५ | २२ |
| ३ | अंग्रेजी विषयको सिकाइ उपलब्धि - २०६५ | २३ |
| ४ | गणित विषयको सिकाइ उपलब्धि, २०६५ | २४ |
| ५ | सामाजिक विषयको सिकाइ उपलब्धि-२०६५ | २५ |
| ६ | शै.स. २०६५ को प्रत्येक विद्यालयको विषयगत औसत सिकाइ उपलब्धि | २६ |
| ७ | जम्मा विद्यार्थी संख्या र उत्तीर्ण संख्या-२०६६ | २७ |
| ८ | नेपाली विषयको सिकाइ उपलब्धि-२०६६ | २८ |
| ९ | अङ्ग्रेजी विषयको सिकाइ उपलब्धि-२०६६ | २९ |
| १० | गणित विषयको सिकाइ उपलब्धि-२०६६ | ३० |
| ११ | सामाजिक विषयको सिकाइ उपलब्धि-२०६६ | ३० |
| १२ | शै.स. २०६६ को प्रत्येक विद्यालयको विषयगत औसत सिकाइ उपलब्धि | ३१ |

# संक्षेपिकृत शब्दसुची

| | |
|---|---|
| उ. | उत्तीर्ण |
| उ.रा.शि.आ. | उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग |
| ज. | जम्मा परीक्षार्थी |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| ने.रा.शि.आ | नेपाल राष्ट्रिय शिक्षा आयोग |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| वि.स. | विक्रम सम्बत |
| वि.सु.यो. | विद्यालय सुधार योजना |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.शि.प.यो. | राष्ट्रिय शिक्षा पद्धति योजना |
| शै.स. | शैक्षिक सत्र |
| स.रा.शि.स. | सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति |
| Flash I | विद्यालयले शैक्षिक सत्रको सुरुमा भर्ने फारम |
| Flash II | विद्यालयले शैक्षिक सत्रको अन्त्यमा भर्ने फारम |
| SIP | School Improvement Plan |